"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७७/७८-२९१

मिति: २०७८/०३/०८

श्रीमान प्रमुखज्यू
सम्पूर्ण महानगर/उपमहानगर एवं नगरपालिकाहरु

**बिषय :- आ.व.२०७६/७७ को समपुरक अनुदानको रकम निकासा भएको बारे ।**

नेपाल सरकार तथा प्रदेश सरकारहरुबाट स्थानीय सरकारहरुका लागि आ.व.२०७६/७७ को लागि समपुरक अनुदान तथा विशेष अनुदान शिर्षक अन्तर्गत प्राप्त आयोजनाहरु मध्ये कोरोना भाइरसको संक्रमणबाट सृजित समस्याको कारण गत आ.व. मा ठेक्का लागेको तर कार्य सम्पन्न नभएको र खर्च हुन नसकेको रकम आगामी चालु आ.व.मा खर्च गर्न सक्नेगरी श्रोतको सुनिश्चितता गर्ने व्यवस्था मिलाउन नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासघ नेपालले पालिकाहरुबाट नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदानका आयोजनाहरुको यथार्थ विवरणहरु संकलन गरी उपरोक्त आयोजनाहरुको म्याद थप र श्रोतको सुनिश्चितताका लागि नेपाल सरकार समक्ष निरन्तर पहलकदमी गरेको विदितै छ । फलस्वरुप ढिलै भएपनि दुवै संघमहासंघले गरेको अथक प्रयास पश्चात् हाल गाउँपालिका र नगरपालिकाहरुले पुरा गर्न नसकेका २५९ विभिन्न योजनाको रु. ४ अरब १० करोड रुपैयाँ निकासी भएको अर्थ मन्त्रालयबाट जानकारी प्राप्त भएको छ । साथै चालु आ.व. मा पनि बिद्यमान दोश्रो लहरको कोरोनाका कारण थुप्रै योजनाहरु सम्पन्न हुन नसक्ने भएको हुँदा म्याद थप गरी रकम फ्रिज हुन नदिनका लागि संघले अर्थमन्त्रालयमा अनुरोध गरिएको छ । साथै यसै पत्रसाथ संलग्न सूचि अनुसार कुनै नगरपालिकाको समपुरक योजना छुट्न गएको भए यस संघको कार्यालयमा अबिलम्ब सम्पर्क गर्नु हुन समेत अनुरोध गर्दछु ।

कलानिधि देवकोटा
कार्यकारी निर्देशक

बोधार्थ:-
सातै प्रदेश संयोजकज्यूहरु
कार्यार्थ:- सातै प्रदेश व्यवस्थापकहरु